आज मिति २०७९ साल पौष महिनाको १७गतेका दिन मर्स्याङ्दी गाउँपालिका अध्यक्ष श्री अर्जुन गुरुङ ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका उपस्थितीमा तपसिल बमोजिमका निर्णय गरियो।

उपस्थिती :-

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म.गा.पा.)

उपाध्यक्ष :- श्री भुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ (वडा नं. १ ,,)

वडा अध्यक्ष :- श्री चेत बहादुर गुरुङ (वडा नं. २ ,,)

वडा अध्यक्ष :- श्री दुधमान तामाङ (वडा नं. ३ ,,)

वडा अध्यक्ष :- श्री बल बहादुर गुरुङ (वडा नं. ४ ,,)

वडा अध्यक्ष :- श्री घनश्याम घले (वडा नं. ५ ,,)

वडा अध्यक्ष :- श्री मीन राशी गुरुङ (वडा नं. ६ ,,)

वडा अध्यक्ष :- श्री तिल बहादुर गुरुङ (वडा नं. ७ ,,)

वडा अध्यक्ष :- श्री धन सिङ तामाङ (वडा नं. ८ ,,)

वडा अध्यक्ष :- श्री हरिश्चन्द्र थापा (वडा नं. ९ ,,)

कार्यपालिका सदस्य :- श्री पूर्ण काशी गुरुङ

कार्य पालिका सदस्य :- श्री पूर्ण घले

कार्य पालिका सदस्य :- श्री पारकाशी गुरुङ

कार्य पालिका सदस्य :- श्री मिना कुमारी नेपाली

कार्य पालिका सदस्य :- श्री मधु माया वगाले

कार्य पालिका सदस्य :- श्री लोम बहादुर वि.क.

कार्य पालिका सदस्य :- श्री

प्रमुख प्रशासकिय अधिकृत :- श्री प्रेमचन्द्र अर्याल

वरिष्ठ उपाध्यक्ष

अर्जुन चपाई (पी.आई)

प्रमुख प्रशासकीय अधिकृत (लेखापाल)

Scanned with CamScanner

मिति २०७९ पुस १७ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु

१: अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

मिति २०७९/०८/२९ गतेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरू कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

२. मर्स्याङ्दी नदीको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा ।

मर्स्याङ्दी गाउँपालिकाको मर्स्याङ्दी नदीका विभिन्न घाटहरुबाट दिगो रुपमा ढुङ्गा गिट्टी बालुवाको संकलन/उत्खनन कार्यका लागी प्रत्येक २/२ वर्षमा प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन Initial Environment Examination (IEE) Report तयार गरी उक्त प्रतिवेदन अनुसारको मात्र उत्खनन कार्य गर्नुपर्ने प्राबधान भएकाले सुचिकृत फर्महरुलाई पत्राचार गर्दा सवै प्रकृया पुरा गरी Complex Study and Research Centre Pvt. Ltd, Hanumansthan, Kathmandu ले सम्पूर्ण कार्य पुरा गरी फाईनल रिपोर्ट पेश गरेकाले उक्त फर्मको प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन स्वीकृत गरी ठेक्काका प्रकृयाहरु र भुक्तानी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

३. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धमा ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७ बमोजिम आर्थिक वर्ष २०७८/७९ मा यस मर्स्याङ्दी गाउँपालिकाको स्वमूल्याङ्कन गर्दा तपसिलमा उल्लेख भए बमोजिमको प्रारम्भिक नतिजा प्राप्त भएकाले उक्त नतिजा नियमानुसार पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो ।

तपसिल

१. शासकीय प्रबन्धः १००%
२. संगठन तथा प्रशासनः १००%
३. वार्षिक बजेट तथा योजना व्यवस्थापनः ५९.०९%
४. वित्तीय तथा आर्थिक व्यवस्थापनः ९५.४५%
५. सेवा प्रवाहः ८१.२५%
६. न्यायिक कार्यसम्पादनः १००%
७. भौतिक पूर्वाधारः ७६.९२%
८. सामाजिक समावेशिकरणः १००%
९. वातावरण संरक्षण तथा विपद् व्यवस्थापनः ८३.३३%
१०. सहकार्य र समन्वयः ७५%

जम्माः ८६%

मर्स्याङ्दी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय धुलघुले, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७९

अर्जुन गुरुङ
अध्यक्ष

Scanned with CamScanner